संघीय संसद
प्रतिनिधि सभा
**सार्वजनिक लेखा समिति**
**बैठक संख्या- २३**

मितिः-२०८०/११/१५

छलफल तथा निर्णय :

समितिको आजको दोस्रो बैठकमा "समितिबाट हालसम्म दिइएका निर्देशनको कार्यान्वयनको अवस्था सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तसँग छलफल" कार्यसूचीमाथि छलफल भयो। आजको बैठकमा भएको छलफलका आधारमा देहाय बमोजिम निर्देश गर्ने निर्णय भयो:-

१) समितिले विभिन्न मिति र विषयमा शिघ्र अनुसन्धान गरी निष्कर्षमा पुग्न र कानूनी प्रक्रियामा लैजान अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्था/कार्य प्रगति सम्बन्धमा आयोगका माननीय प्रमुख आयुक्तले विस्तृतमा जानकारी गराउनु भयो। कतिपय विषयमा अनुसन्धान गर्न समय लाग्ने नै हुन्छ यद्यपी लामो समयसम्म निष्कर्षमा नपुग्दा आम नागरिकमा आशंका/दुविधा उब्जिने भएकोले सो विषयलाई समेत मध्यनजर गर्दै आयोगबाट शिघ्र कार्यसम्पादन गर्न, गराउन आवश्यक देखिएको तर्फ समितिको यो बैठक अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ध्यानाकर्षण गराउँदछ। त्यसैगरी आर्थिक अनियमितता लगायत भ्रष्टाचारको परिभाषाभित्र पर्ने गैर आर्थिक भ्रष्टाचारजन्य कार्यहरुमाथि समेत प्रभावकारी रुपमा अनुसन्धान गरी कारवाहीको दायरामा आउने गरी कार्यसम्पादन गर्न समेत समितिको यो बैठक अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्दछ।

२) अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य अनुसन्धान गर्ने सरकारी निकायहरुले कतिपय विषय र अवस्थामा बहुआयामिक अध्ययन, अनुसन्धान, अन्य देशसँग सूचना आदानप्रदान गर्नुपर्ने हुन्छ र सो कार्यका लागि आवश्यकता अनुसार बहुपक्षीय, द्विपक्षीय सम्झौता आवश्यक पर्ने हुन्छ। यद्यपी यस्ता सम्झौताहरु हुन नसकेको कारण अनुसन्धान कार्य प्रभावित हुन गएको देखिएकोले आवश्यकता अनुसार बहुपक्षीय/द्विपक्षीय सम्झौता गर्ने, संसदबाट अनुमोदन गराउने कार्यलाई प्राथमिकताकासाथ गर्न, गराउन समितिको यो बैठक नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ।

३) समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ।